धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६९/७०

# प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

ग्राहक बन्नु परेमा
पत्रिका नियमित नआएमा
ठेगाना परिवर्तन भएमा वा अन्य कुनै
गुनासो भएमा कल गर्नु पर्दैन ।

९८५११२०८५०
भाईवरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २२, अङ्क ३२१ ◆ २०८३ जेष्ठ २४ गते आइतबार, Sunday, June 7, 2026 ◆ ने सं ११४६ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४ ◆ मूल्य रु. ५/-

## फुल्चोकीमा हराएकाको सकुशल उद्धार

ललितपुर । ललितपुरको गोदावरी नगरपालिका-३ स्थित फुल्चोकी क्षेत्रमा घुम्न गएका एक युवतीसहित चार जनालाई प्रहरीले सकुशल उद्धार गरेको छ ।

शनिबार दिउँसो फुल्चोकी क्षेत्रमा दुई विद्यार्थी हराएको जानकारी काठमाडौँ उपत्यका प्रहरी कार्यालयमार्फत प्राप्त भएपछि जिल्ला प्रहरी परिसर ललितपुरको टोली तत्काल खोजी तथा उद्धारकार्यमा खटिएको थियो ।

जिल्ला प्रहरी परिसर ललितपुरका प्रहरी उपरीक्षक गौतम मिश्रका अनुसार बागबजारस्थित एसएस एकेडेमीका शिक्षक तथा विद्यार्थीसहित १४८ जनाको टोली फुल्चोकी भ्रमणमा गएको थियो । सोही क्रममा दुई विद्यार्थी समूहबाट छुट्टिएका थिए । त्यस्तै, अर्को छुट्टै चार सदस्यीय समूहका दुई जना पनि फुल्चोकी झरना क्षेत्रमा अलपत्र परेका थिए ।

प्रहरीले खोजी गर्ने क्रममा फुल्चोकी झरना क्षेत्रमा अलमलिएका चारै जनालाई फेला पारी सकुशल उद्धार गरेको थियो । उद्धार गरिएका उनीहरूलाई आजै साँझ आफन्तको जिम्मा लगाइएको प्रहरी उपरीक्षक मिश्रले जानकारी दिनुभयो ।

## भन्सार छलीका सामान बरामद

लुम्बिनी । रुपन्देही प्रहरीले शनिबार जिल्लाका विभिन्न क्षेत्रबाट अवैध रूपमा भन्सार छली चोरीपैठारी गरेका सामान, माछा र कुखुरा बरामद गरेको छ ।

जिल्ला प्रहरी कार्यालय रुपन्देही बाट खटिएको प्रहरी टोलीले जिल्लाका विभिन्न स्थानमा जाँच गर्ने क्रममा करिब रु तीन लाख ४७ हजार बराबरको सामान बरामद गरी आवश्यक कारबाहीका लागि सम्बन्धित कार्यालयमा पठाएको जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक दिनेशबहादुर कुँवरले जानकारी दिनुभयो । बरामद सामान पशु क्वारेन्टाइन कार्यालय बेलहिया तथा भन्सार कार्यालय बेलहिया रुपन्देहीमा पठाइएको छ ।

प्रहरीले जिल्लाको रुपन्देही मायादेवी गाउँपालिका-४ स्थित मोतिपुरबाट करिब रु एक लाख २८ हजारबराबरको लु२प ६४६८ र लु२८प १३७० नम्बरको मोटरसाइकलसहित ब्रोइलर कुखुरा, कोटहीमाई गाउँपालिका-३ स्थित त्रिलोकपुरबाट करिब रु ५७ हजार ५०० बराबरको लु७प ८००१ नम्बरको मोटरसाइकलसहित २५ किलो माछा बरामद गरेको प्रहरी निरीक्षक कुँवरले जानकारी दिनुभयो ।

## साफ महिला च्याम्पियनसिपको उपाधि भारतलाई

गोवा । दक्षिण एसियाली राष्ट्रहरू सहभागी साफ महिला च्याम्पियनसिपको उपाधि भारतले जितेको छ ।

गोवास्थित पण्डित जवाहरलाल नेहरु रङ्गशालामा शनिबार भएको फाइनल खेलमा भारतले दुईपल्टको डिफेन्डिङ च्याम्पियन बङ्गलादेशलाई ३-१ गोलअन्तरले हराउँदै साफको छैटौँ पटक उपाधि जितेको हो । पछिल्लो समय भारतले सात वर्षअघि उपाधि जितेको थियो । पछिल्लो पटक भारतले सन् २०१९ मा नेपालमा नै आयोजना भएको साफ च्याम्पियनसिप को उपाधि जितेको थियो । त्यसअघि साफको पहिलो संस्करणदेखि लगातार पाँचौं संस्करणसम्म भारतले उपाधि जितेको थियो । त्यसपछि अहिले नवौं संस्करणमा फेरि उपाधि उचालेको हो । भारतका लागि प्यारी सासाले खेलको ४२औँ मिनेटमा गोल गर्दै अग्रता लिइन् । त्यसपछि खेलको पहिलो हाफको अत्तिरिक्त समयमा बङ्गलादेशकी खेलाडी ऋतुपोर्ना चक्माले गोल गर्दै बराबरी गरिन् । खेलको दोस्रो हाफको सुरुआतमै सन्फिदा नोङरुमले भारतका लागि दोस्रो गोल गरिन् । खेलको ८४औँ मिनेटमा लिन्दा कोम सेर्टोलेले गोल गर्दै आफ्नो टोलीको जित सुनिश्चित गरिन् । यसअघि समूह चरणको खेलमा पनि भारतले बङ्गलादेशलाई ३-० गोलअन्तरले हराएको थियो ।

भारतले भुटानलाई तथा बङ्गलादेशले नेपाललाई पराजित गर्दै फाइनल यात्रा तय गरेका थिए । बङ्गलादेशले साफमा दुईपटक उपाधि उचालेको छ ।

## विमलाको सफल शल्यक्रिया

भारत । साफ महिला च्याम्पियनसिपको सेमिफाइनल खेल्ने क्रमा घाइते भएकी नेपाली राष्ट्रिय महिला फुटबल टोलीकी सदस्य विमला विकको नाकको हड्डीको शल्यक्रिया सम्पन्न भएको छ ।

भारतको गोवास्थित पण्डित जवाहरलाल नेहरु रङ्गशालामा भएको सेमिफाइनल खेलमा दुई नेपाली खेलाडी ठोक्किँदा विमलाको नाकको हड्डी भाँच्चिएको थियो । सेमिफाइनलमा विमला र नेपालकै अर्की खेलाडी समीक्षा घिमिरे एकापसमा ठोक्किन पुगेका थिए । उनको आज गोवास्थित मणिपाल अस्पतालमा शल्यक्रिया गरिएको एन्फा प्रवक्ता तथा टोलीका व्यवस्थापक सुरेश शाहले बताउनुभयो । उहाँले उपचारका लागि



करिब थप एक साता गोवामै बस्नुपर्ने बताउनुभयो ।

साफ महिला च्याम्पियनसिप २०२६ को सेमिफाइनलमा बङ्गलादेशसँग नेपाल २-१ गोलअन्तरले पारजित भएको थियो । साफ च्याम्पियनसिपमा नेपाल १० वर्षपछि सेमिफाइनलमा पुग्नबाट वञ्चित बनेको हो । त्यसअघि सन् २०१६ मा नेपाल भारतसँग पराजित हुँदै सेमिफाइनलबाट बाहिरिएको थियो ।

## द्विपक्षीय सम्बन्धमा नयाँ अध्यायको सुरुआत हुने विश्वास

❑ *प्रत्यूष समाचारदाता*

काठमाडौँ । परराष्ट्रमन्त्री शिशिर खनाल र भारतका विदेशमन्त्री डा एस जयशङ्करबीच नयाँ दिल्लीमा द्विपक्षीय भेटवार्ता भएको छ । उहाँहरूबीच शनिबार साँझ नयाँ दिल्लीमा द्विपक्षीय भेटवार्ता भएको दुवै मन्त्रीले आफ्नो सामाजिक सञ्जालमा उल्लेख गर्नुभएको छ । भेटवार्ताका क्रममा उहाँहरूबीच द्विपक्षीय व्यापार, लगानी, सम्पर्क सञ्जाल (कनेक्टिभिटी), ऊर्जा तथा जनस्तरका सम्बन्ध लगायत विषयमा छलफल भएको छ ।

द्विपक्षीय भेटवार्ताका क्रममा परराष्ट्रमन्त्री खनालले प्रधानमन्त्री बालेन्द्र शाह र नेपाल सरकार तथा नेपाली जनताको तर्फबाट भारत सरकार र भारतका जनतालाई अभिवादन गर्नुभएको थियो । उहाँले गत अप्रिल महिनामा मौरिससमा भएको नवौँ इन्डियन ओसियन सम्मेलनको साइडलाइनमा विदेशमन्त्री जयशङ्करसँग फलदायी छलफल भएको र पुनः भेट्न पाउँदा आफूलाई खुसी लागेको बताउनुभयो । "द्विपक्षीय संलग्नताको महत्त्वपूर्ण अवसर प्राप्त भएकामा म खुसी छु । म यो अवसरमा आगमन भएदेखि नै तपाईं र भारत सरकारबाट प्राप्त गरिएको सौहार्दपूर्ण आतिथ्यका लागि धन्यवाद पनि व्यक्त गर्न चाहन्छु" उहाँले भन्नुभयो । नेपालको नयाँ सरकारले सुशासन, आर्थिक रूपान्तरण र परिणाममुखी कूटनीतिका लागि स्पष्ट र निर्णायक जनादेश बोकेको उल्लेख गर्दै परराष्ट्रमन्त्री खनालले आफूहरूसँग नजिकको छिमेकी र सबैभन्दा महत्त्वपूर्ण साझेदारसँग रूपान्तरणकारी सम्बन्ध निर्माण गर्ने दृढ सङ्कल्प रहेको बताउनुभयो ।

उहाँले राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले हालै भारतको उच्चस्तरीय महत्त्वपूर्ण भ्रमण गर्नुभएको उल्लेख गर्दै नेपाल र भारत केवल दुई देश मात्र नभई एक गौरवशाली प्राचीन सभ्यताका साझेदार भएका बताउनुभएको थियो । "हामी यस सभ्यतागत सम्बन्धलाई आधुनिक विकासमुखी साझेदारीमा रूपान्तरण गर्न चाहन्छौँ", उहाँले भन्नुभयो । परराष्ट्रमन्त्री खनालले नेपालले भारतसँगको सम्बन्धलाई उच्चतम् प्राथमिकता दिएको उल्लेख गर्दै नयाँ सरकार सार्थक, उद्देश्यपूर्ण र उच्चतम स्तरमा सम्बन्ध प्रगाढ बनाउन तयार रहेको बताउनुभयो । "भारतसँगको सम्बन्ध केवल ऐतिहासिक मात्र होइन, यो कठिन समयमा सबैभन्दा महत्त्वपूर्ण पनि रहँदै आएको छ । चाहे त्यो विपद्को समय होस् वा आजको पश्चिम एसिया सङ्कटको बेला", परराष्ट्रमन्त्री खनालले भन्नुभयो, "इन्धन आपूर्ति होस् वा मल आपूर्ति, तपाईंहरूले सधैँ साथ दिनुभएको छ र यसको लागि म नेपाल सरकार र नेपाली जनताको तर्फबाट आभार व्यक्त गर्न चाहन्छु ।" एक उत्पादनशील, स्पष्ट र परिणाममुखी छलफलको अपेक्षा गर्दै यस्तो छलफलले आगामी उच्चस्तरीय भ्रमणको लागि आधार तयार पार्ने र द्विपक्षीय सम्बन्धमा नयाँ अध्यायको सुरुआत गर्ने उहाँको भनाइ थियो । यसैगरी भेटवार्ताका क्रममा विदेशमन्त्री जयशङ्करले नेपाली प्रतिनिधिमण्डललाई स्वागत गर्दै करिब दुई महिनाअघि मौरिससमा परराष्ट्रमन्त्री खनालसँग भएको भेट र छलफलको स्मरण गर्नुभएको थियो । उहाँले भन्नुभयो, "हाम्रो मामिलामा, भारत र नेपालले निस्सन्देह एक अत्यन्त विशेष सम्बन्ध साझा गर्छन्, जुन जीवन्त जनस्तरका सम्बन्धहरू, सीमा-पार सम्पर्क र साझा सांस्कृतिक तथा धार्मिक परम्पराहरूको बलियो आधारमा निर्मित छ । यो सम्बन्ध आपसी विश्वास, सद्भाव र पारस्परिक लाभमा आधारित छ ।"

## इन्द्रसरोबरमा सवारी दुर्घटना, एक जनाको मृत्यु, १८ घाइते

❑ *प्रत्यूष समाचारदाता*

मकवानपुर । मकवानपुरको इन्द्रसरोवर गाउँपालिका-३ धाराढोलास्थित दक्षिणकाली सडकखण्डमा सुमो र बोलेरो पिकअप गाडी एकआपसमा ठोक्किँदा एक जनाको मृत्यु भएको छ भने १८ जना घाइते भएका छन् ।

हेटौँडाबाट काठमाडौँतर्फ जाँदै गरेको ना १ ज ७२०७ नम्बरको सुमो र विपरीत दिशाबाट आउँदै गरेको बीएए ९७६८ नम्बरको बोलेरो पिकअप दुर्घटनामा परेका हुन् । प्रहरीको प्रारम्भिक अनुसन्धानअनुसार काठमाडौँको पेप्सीकोलास्थित एक पानी कम्पनीमा कार्यरत कामदारहरू पिकनिकका लागि सिस्नेरी आउँदै गर्दा बोलेरो अनियन्त्रित भई पल्टिने क्रममा सुमोसँग ठोक्किएको हो । दुर्घटनामा काभ्रेको पनौती नगरपालिका-१ घर भई हाल काठमाडौँ बस्दै आएका ३७ वर्षीय पूर्णबहादुर तामाङको उपचारका क्रममा बीएण्डबी अस्पतालमा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका निमित्त प्रवक्ता प्रहरी निरीक्षक राजप्रसाद कुर्मी बताउनुभयो ।

उहाँका अनुसार घाइतेमध्ये ११ जनाको अवस्था मध्यम र सात जनाको अवस्था सामान्य रहेको छ । उनीहरूको काठमाडौँस्थित बीएण्डबी अस्पताल, बौद्ध अस्पताल र ट्रमा सेन्टरमा उपचार भइरहेको छ । सुमो चालक काठमाडौँ चन्द्रागिरी नगरपालिका-१४ निवासी ४५ वर्षीय मनोज श्रेष्ठलाई प्रहरीले नियन्त्रणमा लिएको छ । घटनाबारे थप अनुसन्धान भइरहेको मकवानपुर प्रहरीले जनाएको छ ।

दुर्घटनामा घाइते हुनेहरूमा काभ्रे घर भई हाल काठमाडौँ पेप्सीकोला बस्ने ३० वर्षीय जुनुबाबु तामाङ, सुनसरी घर भई हाल भक्तपुर ठिमी बस्ने २१ वर्षीय समीर उरम, महोत्तरी घर भई हाल काठमाडौँ पेप्सीकोला बस्ने २६ वर्षीय रवि मगर, नुवाकोट घर भई हाल काठमाडौँ बस्ने १९ वर्षीय टङ्कबहादुर तामाङ र काभ्रे पनौती घर भई हाल ललितपुर हात्तीवन बस्ने ३० वर्षीय रोहन तामाङ रहेका छन् ।

काभ्रे कोशीपारी घर भई हाल काठमाडौँ जडिबुटी बस्ने ४० वर्षीय कुमार खरेल, काभ्रे घरभई हाल काठमाडौँ पेप्सीकोला बस्ने २४ वर्षीय रोशन लामा, काभ्रे पनौती घरभई हाल काठमाडौँ बस्ने २८ वर्षीय सुरेश लामा, काभ्रे घर भई हाल काठमाडौँ जडिबुटी बस्ने २६ वर्षीय सुरेश तामाङ, महोत्तरी बर्दिवास घर भई हाल काठमाडौँ पेप्सीकोला बस्ने ४४ वर्षीय कृष्णबहादुर सुसलिङ, सोलुखुम्बू घर भई हाल काठमाडौँ बस्ने २८ वर्षीय गोपी खड्का र रामेछाप घर भई हाल काठमाडौँ जडिबुटी बस्ने २१ वर्षीय गुणराज भुजेल घाइते भएको मकवानपुर प्रहरीले जनाएको छ ।

महोत्तरी घर भई हाल काठमाडौँ बस्ने २० वर्षीय कविर मगर, रामेछाप घर भई हाल काठमाडौँ बस्ने १९ वर्षीय सविन मगर, ओखलढुङ्गा घर भई हाल काठमाडौँ बस्ने १७ वर्षीय अर्जुन मगर, काभ्रे घर भई हाल काठमाडौँ बस्ने १० वर्षीय शिशिर तामाङ, सिन्धुपाल्चोक बलेफी गाउँपालिका-६ निवासी ५५ वर्षीया लक्ष्मी श्रेष्ठ र काठमाडौँ चन्द्रागिरि नगरपालिका-९ निवासी ४५ वर्षीया शान्ति महर्जन घाइते भएका छन् ।

## देशको समृद्धिका लागि योगदान गर्ने सोचका साथ क्रियाशील हुन मन्त्री गौतमको निर्देशन

पाटन । कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सोविता गौतमले नेपाल सरकारका कानुन अधिकृतहरूलाई देशको समृद्धिका लागि योगदान गर्ने सोचका साथ काम गर्न निर्देशन दिनुभएको छ ।

शनिबार आयोजित दोस्रो कानुन अधिकृत सम्मेलन, २०८३ को समापन समारोहमा उहाँले कानुन मन्त्रालयमा नियमित गरिने कानुन निर्माणको कार्यले सामान्य नागरिकको जीवनमा ठूलो प्रभाव पार्ने भन्दै जिम्मेवारीलाई सचेततापूर्वक निर्वाह गर्न आग्रह गर्नुभयो ।

मन्त्री गौतमले भन्नुभयो, "कानुन निर्माण सामान्य काम हैन, यो देशलाई विधिको शासनमा ढाल्ने काम हो । इतिहासलाई सम्मानित बनाउने, वर्तमानलाई जिम्मेवार र जवाफदेही बनाउने कामले मात्रै त्यो काम राम्रो हुन जान्छ । यसर्थ देशको विकास र विधिको शासन कायम गर्न कर्मचारीको ठूलो भूमिका हुन्छ ।

द्विविधा बोकेर सेवा गर्नुहुँदैन ।" उहाँले कर्मचारीको पनि राजनीति नेतृत्वको जति नै जिम्मेवारी हुने भन्दै देश बनाउने काममा सबैले मिलेर अगाडि बढ्नुपर्नेमा जोड दिनुभयो । उहाँले कानुन अधिकृतहरूलाई तथ्य र लगनशील भएर काम गर्न उत्प्रेरित गर्नुभयो । "अब कानुन निर्माण गर्ने तौरतरिकालाई परिमार्जन गर्नुपर्छ, तथ्याङ्कलाई केन्द्रविन्दुमा राखेर काम गर्नुपर्छ । तथ्याङ्क केन्द्रित हुँदा कानुनी आवश्यकता को वैज्ञानिक आधार तयार हुन्छ", उहाँले भन्नुभयो,"प्रविधिको सहयोगमा कानुन निर्माण प्रक्रियालाई सरल, छिटो र प्रभावकारी बनाउन सकिन्छ ।

सम्पादकीय ....

## वर्तमान व्यवस्था नै उत्तम

आधुनिक समाजको आकर्षण लोकतन्त्रप्रति छ । जनताको सर्वोच्चतालाई स्वीकार गर्दै शासन प्रणालीमा समयसापेक्ष परिवर्तन हुँदै आएको छ । सार्वभौम जनता नै सबै प्रकारका शक्तिको स्रोत हुन्छन् । गणतान्त्रिक शासन प्रणालीले यथार्थमा लोकतन्त्रको संरचनागत विकास गर्न सक्दछ ।

आमनागरिकहरूको शासन प्रणालीमा प्रत्यक्ष सहभागिताको सुनिश्चित गणतान्त्रिक शासन प्रणालीले गर्दछ, गर्नु पनि पर्दछ । एक व्यक्तिमा निहीत रहेको शासन र जनताको सहमति र निर्णयको परीक्षण नै नगरी वंशानुगत शासन प्रणाली राजतन्त्रमा सुदृढ भएको हुन्छ ।

राजतन्त्रात्मक शासन प्रणालीमा नागरिकहरुले शासनलाई मार्गदर्शन प्रदान गर्न सक्दैनन् । गणतन्त्रमा शासकहरूको प्रत्यक्ष जवाफदेहिता नागरिकप्रति रहन्छ । शासन प्रणाली जनताबाट निर्देशित हुने भएकाले गणतन्त्रमा उत्तरदायी शासन व्यवस्थाको सञ्चालन सम्भव भएको हो । त्यसैले लोकतन्त्रबाट अत्याधिक प्रतिफल र उपलब्धि हासिल गर्न नागरिकहरू गणतान्त्रिक शासन प्रणालीप्रति गोलबद्ध हुन पुग्दछन् । यस अर्थमा गणतन्त्र नागरिकहरूको जीवनरेखा नै मानिएको छ ।

नागरिकहरूको आत्मसम्मान, प्रतिष्ठा, सहभागितालाई सर्वोपरि प्राथमिकतामा राखिन्छ । शासन प्रणाली वंशानुगत रूपमा सञ्चालन भई एक व्यक्तिले समग्र राष्ट्रलाई नै आफ्नै इच्छाअनुसार सञ्चालन गर्ने शासकीय प्रक्रियाबाट उन्मुक्ति प्राप्त गर्न गणतन्त्रबाट मात्र सम्भव हुन्छ । लोकतन्त्रको सिद्धान्त, मूल्य, मान्यतालाई व्यवहारमा परिणत गरी सच्चा लोकतन्त्रको अनुभूति गराउने व्यवस्थाको अर्को नाम गणतन्त्र हो । वंशानुगत शासन प्रणालीमा आम नागरिकहरूको आवाज कुण्ठित हुन सक्दछ ।

गणतन्त्रमा संविधान नै शासन सञ्चालनको मूल आधार हुन्छ । सबै नागरिकहरूले आफ्ना मौलिक हकहरूको उपभोग निर्वाधरुपमा गर्न सक्दछन् । शासन प्रणालीमा नागरिकहरूले स्वामित्व ग्रहण गर्ने वातावरण तयार हुन्छ । राज्य र जनताका बीचको सम्बन्ध अत्यन्त सौहार्दपूर्ण हुन्छ ।

सबै वर्गको प्रतिनिधित्व सुनिश्चित गर्न समावेशीकरणको सिद्धान्तलाई अवलम्बन गरिएको हुन्छ । नेपाल बहुजातीय, बहुसांस्कृतिक देश भएकाले विविधताका बीच एकताका पक्षमा शासन केन्द्रित गर्न पनि गणतन्त्र जरुरी हुन्छ । आफ्ना आवश्यकताहरूको पहिचानगरी सोही अनुसारका नीति निर्माण गर्न, योजना बनाउन र कार्यक्रम तयार गर्ने सम्बन्धमा योगदान दिन नागरिकहरू गणतन्त्रिक लोकतन्त्रमा मात्र सक्षम हुन्छन् ।

नेपालमा यो उत्कृष्ट लोकतान्त्रिक शासन प्रणाली प्राप्त गर्नका लागि धैरै लामो समयदेखि नेपाली नागरिकहरु सङ्घर्षशील रहेका हुन् ।

लोकतान्त्रिक गणतन्त्र प्राप्तिको आन्दोलनमा धैरै सपुतहरुले आफूलाई बलिवेदीमा चढाइ लोकतन्त्रको प्रतिफल नेपालीहरूलाई प्रदान गर्न सफल भएका हुन् । नेपालको राजनीतिक घटनाक्रमहरूको सिंहावलोकन गर्नुपर्दा २००४ सालदेखि २०१५, २०१९, २०३६ र २०६३ सालसम्मको नागरिकहरूको भगिरथ प्रयासलाई स्मरण गर्नुपर्दछ ।

### पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका **"प्रत्यूष राष्ट्रिय दैनिक** तपाईलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं । तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ । तपाईहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं ।

प्रत्यूष National Daily राष्ट्रिय दैनिक
**नीलकण्ठ -३,धादिङबेसी,**
**फोन ०१०-५२१४३०,९८५११२०८५०**
Email : pratyushdainik@gmail.com

## छाडा पशुचौपायाका बहुआयामिक असर

एक समय थियो, गाउँघरका हरेक गोठ गाईगोरुले भरिएका हुन्थे । बिहान सबेरै किसानहरू हलो काँधमा बोकेर खेततिर निस्कँदा गोरु उनीहरूका मुख्य साथी हुन्थे । खेत जोत्न, मल उत्पादन गर्न, दूध दिन र घरपरिवारको आर्थिक आधार बन्न गाईगोरुको महत्त्वपूर्ण भूमिका थियो । गाउँको सम्पन्नता गोठमा बाँधिएका चौपायाको सङ्ख्यासँग तुलना गरिन्थ्यो ।

तर समयसँगै कृषि प्रणाली बदलिँदै गयो । आधुनिक प्रविधिको प्रयोग बढेसँगै खेत जोत्न ट्र्याक्टर भित्रिए । दूध नदिने गाई र काम गर्न नसक्ने गोरु किसानका लागि उपयोगीभन्दा बढी आर्थिक भार बन्न थाले । पालनपोषण खर्चिलो बन्दै जाँदा धैरै किसानले गाईगोरु खुला छाड्न थाले । यही प्रवृत्तिले अहिले सुदूरपश्चिमका कैलाली र कञ्चनपुरमा छाडा चौपाया समस्या गम्भीर सामाजिक र वातावरणीय चुनौतीका रूपमा देखापरेको छ । राजमार्गदेखि ग्रामीण सडकसम्म छाडा गाईगोरु देखिन्छन् । बजार क्षेत्र, सार्वजनिक स्थान, खेतबारी र वन क्षेत्रसम्म उनीहरूको पहुँच पुगेको छ । सडक दुर्घटना, खेतीपातीमा क्षति, वन विनाश र व्यवस्थापनको अभावले समस्या दिनप्रतिदिन जटिल बन्दै गएको छ ।

सडकमा बढ्दो जोखिम

पूर्वपश्चिम राजमार्ग हुँदै रातिको समयमा यात्रा गर्ने धैरै चालकका लागि छाडा चौपाया त्रासको विषय बनेका छन् । सडकको बीचमै सुतेका वा अचानक सडक पार गर्ने गाईगोरुका कारण दुर्घटनाको जोखिम बढेको छ । विशेषगरी राति र हिउँदको कुहिरो लागेको समयमा दुर्घटनाको सम्भावना झनै बढी हुने गरेको छ ।

घोडाघोडी नगरपालिका-१, सुख्खडका हरिलाल सापकोटा छाडा चौपायाका कारण स्थानीयले समस्या झेलिरहेको बताउनुहुन्छ । उहाँका अनुसार सडकमा अचानक गाईगोरु निस्किँदा मोटरसाइकल चालकहरू धैरै जोखिममा पर्ने गरेका छन् । कतिपय अवस्थामा दुर्घटनामा मानिसले ज्यानसमेत गुमाएका छन् भने चौपायाहरूसमेत मर्ने गरेका छन् । भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, कैलालीको अध्ययनअनुसार कैलाली र कञ्चनपुरका सडक क्षेत्रमा मात्रै करिब तीन हजारभन्दा बढी छाडा चौपाया रहेका छन् ।

सुदूरपश्चिम प्रदेश ट्राफिक कार्यालय अत्तरियाका प्रहरी निरीक्षक सीताराम बिष्टका अनुसार प्रदेशमा हुने सडक दुर्घटनामध्ये दुई प्रतिशत दुर्घटना छाडा पशुचौपायाका कारण हुने गरेका छन् । उहाँ भन्नुहुन्छ, "राजमार्ग क्षेत्रमा गाईगोरु नियन्त्रणका लागि पटकपटक अभियान सञ्चालन गरिए पनि दिगो समाधान नहुँदा समस्या रहेको छ । सडकमा छाडा चौपायाले निम्त्याएको समस्या केवल दुर्घटनामा सीमित छैन । यसले यात्रुमा मानसिक त्राससमेत सृजना गरेको छ । रातिको समयमा लामो दूरीमा यात्रा गर्ने चालकहरू विशेष सतर्क रहनुपर्ने अवस्था छ ।"

खेतबारीमा सङ्कट

छाडा चौपायाको सबैभन्दा ठूलो असर किसानको खेतबारीमा देखिएको छ । मिहिनेत गरेर लगाइएको बाली रातारात गाईगोरुले खाइदिँदा किसान चिन्तित बन्न थालेका छन् । हाल धानको बीउ छर्ने समय भए पनि बीउ नै जोगाउनसमेत समस्या हुने हो कि भन्ने चिन्ताले सताएको किसान डम्बर विष्ट बताउनुहुन्छ । कैलालीकी किसान पार्वती खत्रीका अनुसार खेतमा लगाएको धान, गहुँ, मकै र तरकारी जोगाउन रातभर जाग्राम बस्नुपर्ने अवस्था छ । "दिनभर खेतमा काम गरियो, राति फेरि बाली जोगाउन चौपाया धपाउनुपर्छ", उहाँ भन्नुहुन्छ ।

घोडाघोडी नगरपालिका-३ का किसान टेकबहादुर चौधरी पनि छाडा चौपायाका कारण खेतीपाती गर्ने कठिन बन्दै गएको बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, "गाईगोरुले खेतको मकै र तरकारी नष्ट गरिदिने गरेका छन् । महिनौंको मिहिनेत केही घण्टामै सकिन्छ, बाली हुर्काउन नै कठिन हुन्छ ।" विशेषगरी बाली हुर्काउने समयमा किसानलाई बढी समस्या हुने गरेको छ । गाउँका धैरै किसानले खेत वरिपरि काँडेतार लगाउने वा राति पालैपालो खेत कुरुवा बस्ने गरेका छन् ।

छाडा पशुचौपायाको समस्या समाधानका लागि स्थानीय तहहरूले विभिन्न प्रयास गरिरहेका छन् । घोडाघोडी नगरपालिकाका प्रमुख खडक रावतका अनुसार नगरपालिकाले कान्जी हाउस निर्माण गरेर छाडा चौपाया व्यवस्थापनको प्रयास गरेको छ । तर सीमित स्रोतसाधन र बढ्दो समस्याका कारण प्रभावकारी व्यवस्थापन गर्न चुनौती भइरहेको उहाँको भनाइ छ । कान्जी हाउस निर्माण गरिए पनि धैरै स्थानमा व्यवस्थापन कमजोर देखिएको छ । घोडाघोडी, लम्कीचुहा, भजनी, जोशीपुर र गोदावरी क्षेत्रमा निर्माण गरिएका गौशाला तथा कान्जी हाउसमा आहारा, पानी र उचित हेरचाहको अभाव देखिएको छ ।

कतिपय स्थानमा गाईगोरु भोकभोकै मर्ने अवस्थासमेत आएको छ । छाडा चौपाया समस्या बढ्नुमा समुदायकै मुख्य भूमिका रहेको स्थानीय रामु बुढाथोकी बताउनुहुन्छ । उहाँका अनुसार मानिसहरूले दूधमात्र उपभोग गर्ने तर गाईगोरुको हेरचाहमा बेवास्ता गर्ने प्रवृत्तिका कारण यस्तो समस्या उत्पन्न भइरहेको छ । दूध दिन छाडेका वा काम गर्न नसक्ने गाईगोरुलाई खुला छाड्ने प्रवृत्ति अझै रोकिएको छैन । छाडा चौपायाको समस्या समाधानका लागी स्थानीय तहले मात्र नभई समुदाय स्वयं जिम्मेवार बन्नुपर्ने घोडाघोडीका नगरप्रमुख खडक रावतको भनाइ छ ।

समाधान खोज्दै गौशालाको अभ्यास

समस्याकै बीच केही सकारात्मक अभ्यासहरू पनि भइरहेका छन् । कैलालीको टीकापुरमा सञ्चालन भइरहेको व्यवस्थित गौशालाले धैरैको ध्यान तानेको छ । टीकापुरस्थित गौशालामा छाडा गाईगोरुको संरक्षणसँगै उनीहरूबाट आर्थिक आम्दानी गर्ने अभ्यास सुरु गरिएको छ । यहाँबाट मल उत्पादन गरिन्छ । उक्त मल किसानमाझ लोकप्रिय बन्दै गएको छ ।

गौशाला व्यवस्थापन समितिका अध्यक्ष उत्तमकुमार शाहका अनुसार पहिले किसानलाई मल लैजान आग्रह गर्नुपर्ने अवस्था थियो । अहिले भने अग्रिम बुकिङ हुने गरेको छ ।

प्रतिट्रली रु छ हजार ५०० मा गोबर मल बिक्री हुने गरेको उहाँ बताउनुहुन्छ । गौशालामा हाल १० जना कर्मचारी कार्यरत छन् । टीकापुर नगरपालिका र जानकी गाउँपालिकाले व्यवस्थापनका लागि बजेट विनियोजन गर्दै आएका छन्, जसले कर्मचारीको तलब तथा अन्य व्यवस्थापनमा सहयोग पुगेको छ । अध्यक्ष शाहका अनुसार गौशालालाई पूर्ण रूपमा आत्मनिर्भर बनाउने लक्ष्यसहित काम भइरहेको छ । गोबरबाट मल उत्पादन, गहुँतको प्रयोग र अन्य आयमूलक गतिविधिमार्फत सञ्चालन खर्च धान्ने योजना बनाइएको छ । गौशालामा गोबर ग्यास प्लान्टसमेत निर्माण गरिएको छ । उक्त प्लान्टबाट स्थानीय ४० भन्दा बढी घरधुरीलाई प्रतियुनिट ४५ रुपैयाँका दरले ग्यास वितरण गरिएको थियो । तर वनक्षेत्र नजिक भएकाले धैरै स्थानीयले दाउरा प्रयोग गर्न सहज ठानेपछि गोबर ग्यासको प्रयोग घट्दै गयो । त्यसपछि हाल ग्यास उत्पादन बन्द अवस्थामा छ । गौशाला व्यवस्थापन समितिका सदस्य दिलबहादुर ठकुल्ला भन्नुहुन्छ, अब टीकापुर बजार क्षेत्रलाई लक्षित गरेर ग्यास वितरण गर्ने लक्ष्य रहेको छ । उहाँ भन्नुहुन्छ, "सिलिन्डरमा ग्यास भरेर वितरण गर्ने योजना बनाइएको छ । यदि यो योजना सफल भयो भने गौशालालाई थप आम्दानीको स्रोत बन्न सक्ने अपेक्षा गरिएको छ ।"

*इन्द्राकुमारी केसी*

चरिचरनले वन वातावरणमा असर

गौशालामा हाल १० जना कर्मचारी कार्यरत छन् । टीकापुर नगरपालिका र जानकी गाउँपालिकाले व्यवस्थापनका लागि बजेट विनियोजन गर्दै आएका छन्, जसले कर्मचारीको तलब तथा अन्य व्यवस्थापनमा सहयोग पुगेको छ । अध्यक्ष शाहका अनुसार गौशालालाई पूर्ण रूपमा आत्मनिर्भर बनाउने लक्ष्यसहित काम भइरहेको छ । छाडा चौपाया व्यवस्थापनका लागि निर्माण गरिएका गौशाला र कान्जी हाउसले चुनौती पनि थपिँदै गएको छ । अधिकांश यस्ता संरचना सामुदायिक वन क्षेत्रभित्र वा वन नजिकै निर्माण गरिँदा वन अतिक्रमणको समस्या देखिन थालेको छ । गौशाला र कान्जी हाउसमा राखिएका गाईगोरुहरूलाई चरिचरनका लागि वन क्षेत्रमा लगिने गर्दा वन संरक्षणमा थप दबाब सृजना भएको छ ।

डिभिजन वन कार्यालय कैलालीका वरिष्ठ वन अधिकृत विश्वराज पण्डितका अनुसार खुला र अव्यवस्थित चरिचरनका कारण वनको प्राकृतिक संरचना गम्भीर रूपमा प्रभावित भएको छ । उहाँका अनुसार वनभित्र छाडा चौपाया प्रवेश गर्दा साना बिरुवा उम्रिन र हुर्किन नपाउने अवस्था सृजना भएको छ, जसले वनको पुनरुत्पादन प्रक्रियामा दीर्घकालीन नकारात्मक असर पारिरहेको छ । "साना बिरुवा उम्रिए पनि टिक्न सक्दैनन्", उहाँ भन्नुहुन्छ, "गाईगोरुले खाइदिने, कुल्चिने वा नष्ट गर्ने कारण वन पुनरुत्पादन कमजोर हुँदै गएको छ ।"

वन क्षेत्रमा अनियन्त्रित चरिचरनले केवल वनस्पतिमात्र होइन, माटोको संरचना र गुणस्तरमा समेत असर पारिरहेको संरक्षणकर्मीहरू बताउँछन् । चौपाया धैरै चराउँदा माटो कडा हुने, घाँस-झाडी हराउने र वर्षायाममा माटो बग्ने समस्या देखिने संरक्षणकर्मी विजयराज श्रेष्ठ बताउनुहुन्छ । वनभित्र चौपायाको अत्यधिक प्रवेशले जैविक सन्तुलनमा समेत असर पुऱ्याइरहेको छ । उहाँ भन्नुहुन्छ, "वन्यजन्तुका बासस्थान सङ्कुचित हुने, शान्त वातावरण खल्बलिने र वन्यजन्तु विस्थापित हुने अवस्था पनि बढ्छ ।"

**अनलाइन ठगी हुनबाट बचौं**

- **अपरिचित नम्बर वा आईडीबाट फोन वा म्यासेजमा प्रलोभन देखाएर ठगी हुन सक्छ ।**
- **अपरिचित ब्यक्तिलाई आफ्नो ईमेल वा अन्यको पासवर्ड,बैंकको युजर जस्ता संवेदनशिल सूचना नदिऔं ।**
- **बलियो पासवर्ड राखौं र समय समयमा परिवर्तन गरौं,**
- **आफ्ना सम्पूर्ण व्यक्तिगत विवरणको उचित संरक्षण गरौं,**
- **अनलाइन ठगी भएको वा हुन लागेको पाइएमा त्यस विरुद्ध नेपाल प्रहरी तथा साइवर ब्युरोमा उजुरी वा जानकारी गराऔं,**
- **अनलाइन ठगीबारे सबैलाई जागरुक गराऔं,**
- **अनलाइन ठगी साइबर अपराध हो, यसबाट आफू पनि जोगिऔं र अरुलाई पनि जोगाऔं ।**

नेपाल सरकार,
**विज्ञापन वोर्ड**

# ओझेलमा ऐतिहासिक ढोलथान

म्याग्दी । बाइसे चौबिसे राज्यताका पर्वते राजाको ग्रीष्मकालीन प्रशासनिक केन्द्र रहेको बेनी नगरपालिका-९ घतानस्थित ऐतिहासिक ढोलथान ओझेलमा छ ।

विसं १६३१ देखि तत्कालीन राजाहरू हिउँदका चार महिना बेनी र अरु आठ महिना ढोलथानमा बसेर पर्वत राज्य सञ्चालन गरेको इतिहास छ। पर्वत राज्य नेपालमा विलय भएको समय अर्थात् विसं १८४३ सम्म ढोलथानमा राज्यको राजधानीको रूपमा रहेको थियो ।

ऐतिहासिक महत्त्व बोकेको प्राकृतिक हिसाबले रमणीय सो स्थान पछिल्लो सयम विकास पूर्णाधार, सहज सडक पहुँत तथा प्रचारप्रसारको कामीले ओझेलमा परेको स्थानीय भेषबहादुर सेनले बताउनुभयो । “संरक्षण र आवश्यक प्रवर्द्धनको अभावमा ढोलथानको ऐतिहासिक महत्त्व र प्राकृतिक विशेषता स्थानीयस्तरमै सीमित भएको छ”, उहाँले भन्नुभयो, “यहाँसम्म पुग्ने सडक स्तरोन्नति, पूर्वाधार विकास र प्रचारप्रसार गर्न सकेमा पर्यटकीय गन्तव्यको रूपमा विकास हुने प्रशस्त सम्भावना छ। यसतर्फ ध्यान दिनुपर्ने आवश्यकता छ ।”

समुन्द्री सतहदेखि एक हजार ७०० मिटर उचाइमा रहेको ढोलथानबाट धौलागिरी, अन्नपूर्ण, निलगिरि, बराहशिखर, माछापुच्छे हिमशृङ्खला, नागबेली परेर बगेका म्याग्दी र कालीगण्डकी नदी, म्याग्दी, पर्वत र बागलुङका ग्रामीण बस्ती तथा पहाडी भूगोलको दृष्य अवलोकन गर्न सकिन्छ । यहाँ तत्कालीन दरबारका भग्नावशेषका साथै १६औं शताब्दीका ऐतिहासिक सामग्रीहरू पनि छन् । भत्किएको दरबार र वरपरका भग्नावशेषलाई सङ्घीयतापछि बेनी नगरपालिका र प्रदेश सरकारको सहयोगमा संरक्षण गरी उद्यान बनाइएको छ । यस क्षेत्रको ऐतिहासिक महत्त्वलाई उजागर गर्न सडक, पदमार्ग र उद्यान निर्माण गरेर प्रवर्द्धन गर्ने योजना रहेको बेनी नगरपालिका-९ का वडाध्यक्ष चक्र केसीले बताउनुभयो ।

“विस्तृत परियोजना प्रतिवेदन बनाएर प्रदेश र सङ्घीय सरकारलाई योजना तथा बजेट मागेका छौँ”, उहाँले भन्नुभयो, “ढोलथान पुग्ने सडकलाई सहज बनाउन प्राथमिकताका साथ पहल गरेका छौँ। यदी त्यो कार्यान्वयन भएमा यसले पर्यटकीय गन्तव्यको रूप धारण गर्ने विश्वास छ ।”

यहाँ प्रदेश सरकारको सहयोग मा सार्वजनिक शौचालय, पदमार्ग र बगैचा निर्माण गरेर उद्यान बनाइएको छ । बेनी नगरपालिकाले पदमार्ग र प्रतिक्षालय निर्माण कार्य समेत गरिएको छ ।

बेनीदेखि पुलाचौर नयाँगाउँ हुँदै ४५ मिनेट, तोरीपानी, ढावा हुँदै एक घण्टा १५ मिनेट सवारीसाधनको यात्रामा ढोलथान पुगिन्छ । बेनीदेखि गुफाको डिल, पछै, घतानकोत, ढोलथान, जगन्नाथ, ढडेकोट दरवार जोड्ने पदमार्गको यात्राको क्रममा अन्य धार्मिक र पर्यटकीयस्थल भ्रमण गर्न सकिन्छ। पैदलयात्रा गरेर बेनीदेखि दुई घण्टा ३० मिनेटमा ढोलथान पुग्ने गरिएको छ ।

# भारतद्धारा सम्पन्न परियोजना हस्तान्तरण

काठमाडौं । भारतको सहयोगमा २०७२ सालको भूकम्पपछिको पुनर्निर्माण कार्यक्रम अन्तर्गत सम्पन्न ७२ स्वास्थ्य संस्था तथा १२ सांस्कृतिक सम्पदा परियोजना ‘भर्चुअल’ रूपमा हस्तान्तरण गरिएका छन् ।

भारतको औपचारिक भ्रमणमा रहनुभएका परराष्ट्रमन्त्री शिशिर खनाललाई शनिबार भारतीय विदेशमन्त्री डा एस जयशङ्करले सो परियोजना हस्तान्तरण गर्नुभएको हो । त्यसैगरी, उहाँहरूले आजै भारत र नेपालको ‘राष्ट्रिय भुक्तानी प्रणाली इन्टरफेस’बीच सीमा-पार व्यक्तिगत रेमिट्यान्सलाई सहज बनाउनका लागि जोड (लिङ्केज) संयुक्त रूपमा शुभारम्भ गर्नुभएको विदेशमन्त्री जयशङ्करले सामाजिक सञ्जालमा उल्लेख गर्नुभएको छ ।

त्यस्तै दुवै मन्त्रीको समुपस्थितिमा आजै नयाँ दिल्लीमा डिजिटल इन्डिया भाषिनी र काठमाडौँ विश्वविद्यालयबीच ‘भ्वाइस फर्स्ट’ भाषा अनुवाद प्लेटफर्मका लागि राष्ट्रिय डिजिटल पूर्वाधार सहनिर्माण गर्न सम्झौता आदानप्रदान गरिएको थियो । शनिबारै परराष्ट्रमन्त्री शिशिर खनाल र भारतका विदेशमन्त्री डा एस जयशङ्करबीच नयाँ दिल्लीमा द्विपक्षीय भेटवार्ता भएको थियो। परराष्ट्रमन्त्री खनाल विदेशमन्त्री जयशङ्कर को मैत्रीपूर्ण निमन्त्रणामा यही जेठ २२ देखि २४ गतेसम्म भारतको औपचारिक भ्रमणका लागि शुक्रबार नयाँ दिल्ली प्रस्थान गर्नुभएको थियो ।

भ्रमणका क्रममा शुक्रबार परराष्ट्रमन्त्री खनाल र भारतीय जनता पार्टीका विदेश विभाग प्रमुख डा विजय चौथाइवाले बीच भेटवार्ता भएको थियो। त्यस्तै परराष्ट्रमन्त्री खनालले शुक्रबार नै नयाँ दिल्लीमा इन्डिया फाउन्डेसनद्वारा आयोजित एक कार्यक्रमलाई सम्बोधन गर्नुभएको थियो। उहाँ भ्रमण सम्पन्न गरी यही जेठ २४ गते काठमाडौँ फर्कने कार्यक्रम रहेको परराष्ट्र मन्त्रालयले

# अढितस जिल्लामा रास्वपाको नयाँ नेतृत्व चयन हुँदै

काठमाडौं । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को जारी जिल्ला अधिवेशनअन्तर्गत शनिबार ३८ जिल्लामा मतदान तथा नेतृत्व चयनको प्रक्रिया अघि बढेको छ ।

केन्द्रीय निर्वाचन आयोगका अनुसार शनिबार झापा, मोरङ, तेह्रथुम, ताप्लेजुङ, भोजपुर, सङ्खुवासभा, ओखलढुङ्गा, सुनसरी, महोत्तरी, रौतहट, दोलखा, काठमाडौँ, भक्तपुर, नुवाकोट, धादिङ, मकवानपुर, काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक र सिन्धुलीमा अधिवशेन भएका छन् ।

यस्तै स्याङ्जा, कास्की, पर्वत, बागलुङ, म्याग्दी, गुल्मी, नवलपरासी, पाल्पा, कपिलवस्तु, दाङ, बाँके, बर्दिया, रोल्पा, कालिकोट, सल्यान, बैतडी, बझाङ र दार्चुलामा पनि अधिवेशन भएका छन् ।

पार्टीलाई पूर्ण रूपमा वैधानिक र जनअनुमोदित संरचनामा रूपान्तरण गर्ने उक्त अभियानमा सम्पूर्ण प्राविधिक तथा व्यवस्थापकीय तयारी पूरा भएको आयोगले स्पष्ट पारेको छ। राष्ट्रिय महाधिवेशन अगावै ७७ मध्ये ६७ जिल्लामा निर्वाचन सम्पन्न गर्ने रास्वपाको तयारी छ ।

भोलि २७ जिल्लामा अधिवेशन

जेठ २४ गते उदयपुर, सोलुखुम्बु, खोटाङ, इलाम, सिराहा, धनुषा, पर्सा, सर्लाही, चितवन, ललितपुर, तनहुँ, नवलपुर, गोरखा र लमजुङ, अर्घाखाँची, रुपन्देही, प्युठान, सुर्खेत, जाजरकोट, दैलेख, रुकुम, मुगु, जुम्ला, अछाम, डोटी, डडेलधुरा, कैलाली, कञ्चनपुर र बाजुरामा अधिवशेन हुने कार्यतालिका छ ।

विशेष साङ्गठनिक परिस्थितिका कारण बारा जिल्ला अधिवेशन भने यही जेठ २६ गते हुने सो पार्टीले जनाएको छ । सोही दिन बागमती प्रदेशबाट प्रदेश अधिवेशन प्रारम्भ हुनेछ । प्रदेश अधिवेशनहरू सञ्चालन गर्न सातवटै प्रदेशमा पाँच सदस्यीय प्रदेश निर्वाचन समिति र जिल्ला अधिवेशनको निर्वाचन प्रक्रिया निष्पक्ष रूपमा सम्पन्न गर्न प्रत्येक जिल्लामा तीन सदस्यीय निर्वाचन समिति परिचालन गरिएको आयोगका प्रमुख भुवन केसीले राससलाई जानकारी दिनुभयो ।

१० जिल्लामा अधिवेशन

प्रथम राष्ट्रिय महाधिवेशनअगावै ७७ मध्ये ६७ जिल्लामा अधिवेशन सम्पन्न गर्ने रास्वपाको तयारी छ । यससँगै रास्वपाको मुख्य सङ्गठन रहेका अधिकांश जिल्लाको अधिवेशन सम्पन्न हुनेछ। बाँकी १० जिल्लाको अधिवेशन राष्ट्रिय महाधिवेशनपछि हुने आयोगका प्रमुख केसीको भनाइ छ। रास्वपाको प्रथम राष्ट्रिय महाधिवेशन आगामी असार ७ देखि ९ गतेसम्म चितवनमा हुँदैछ ।

जिल्ला अधिवेशन र साङ्गठनिक अद्यावधिक अवस्थाबारे रासससँगको कुराकानीमा निर्वाचन आयोगका प्रमुख केसीले जिल्ला अधिवेशनहरू पार्टीलाई तदर्थ संरचनाबाट पूर्ण वैधानिक र जनअनुमोदित संरचनामा रूपान्तरण गर्ने महत्त्वपूर्ण खुड्किला भएका बताउनुभयो ।

“हिजोको तदर्थ जिम्मेवारीलाई नै स्थायी मानेर नेतृत्व दाबी गर्ने प्रवृत्तिको अन्त्य स्वच्छ निर्वाचन प्रक्रियाबाटै हुनेछ। यसका लागि प्रत्येक जिल्लामा ३ सदस्यीय र प्रदेशमा ५ सदस्यीय निर्वाचन समिति परिचालन गरी निष्पक्ष मतदानको सुनिश्चितता गरिएको ”, बताउनुभयो ।

# सनाको छायाँमा टीका र प्रिन्साको अर्धशतक

कर्णाली । सुर्खेत वीरेन्द्रनगरमा यही १९ गतेदेखि जारी १९ वर्ष मुनिका महिला टी-२० राष्ट्रिय क्रिकेट प्रतियोगिताअन्तर्गत आज कोशी प्रदेशका टीका शाह र प्रिन्सा रानामगरको अर्धशतकीय पारी मधेसकी सना परविनले छायाँमा पारिदिनुभएको छ।

प्रतियोगितामा आफ्नो पहिलो खेल खेल्न कालुङचोक मैदानमा उत्रिएको मधेसले कोशीलाई पराजित गरी जीतको सुरुआत गऱ्यो । उक्त खेलको पहिलो जीतमा सना एक्लै हावी हुँदा कोशीको पहिलो हारसँगै टीका र प्रिन्साको अर्धशतकसमेत ओझेलमा पऱ्यो ।

१६ ओभरको तेस्रो बलमा खेल जित्न जम्मा दुई रन चाहिएको बेला ४८ रनमा खेल्दै गरेकी उहाँले सात चौका प्रहार गर्दै फिनिसरका रूपमा अर्धशतकीय पारीसँगै खेल समापन गर्नुभयो । सनाले नटआउट एक सय छ को स्टाइक रेटमा ४९ बलमा ५२ रनको उत्कृष्ट पारी खेल्दै आफ्नो टोलीलाई जित दिलाउनुभयो ।

अर्को छेउबाट उत्तिकै जिम्मेवारी र संयमतताका साथ सनासँग साझेदारी गर्नुभएकी साक्षी यादवले ४६ रनको स्कोरमा खेल्दै गर्दा सिंगल रन लिएर सनाका लागि अर्धशतकीय पारी खेल्ने मौका जुराउनुभयो। एलिशा यादव र शिवानी साह शून्यमै बाहिरिएपछि सनासँग साझेदारी गर्न क्रिजमा उत्रिएकी साक्षीले एक सय १५ को स्ट्राइक रेटमा आठ चौकासहित ४० बलमा ४६ रनको योगदान दिनुभयो। मधेसका दुवै विकेट शुभेक्षा लिम्बूले आफ्नो नाममा लेखाउनुभयो । यसअघि टस जितेर पहिला ब्याटिङ गरेको कोशीले निर्धारित २० ओभरमा तीन विकेट गुमाएर एक सय २२ रन बनायो । ओपनिङ गर्न आएकी पूर्णिमा राजवंशी खाता नखोलेर फर्किएपछि उहाँसँगै ओपनिङमा आएकी टीका शाहले ५१ रन जोड्नुभयो भने तेस्रो क्रममा ब्याटिङमा आएकी प्रिन्सा राना मगरले नटआउट ५५ रन जोड्दै उत्कृष्ट साझेदारी गर्नुभयो ।

अविजित प्रिन्साले ६८ बलमा नौ चौकासहित प्रतियोगिताको पहिलो अर्धशतकीय पारीको रेकर्ड बनाउँदा टीकाले भने ३६ बलमा ११ चौकासहित दोस्रो अर्धशतक पूरा गर्नुभयो । वीरेन्द्रनगर रङ्गशालामा भएको चौथो खेलमा गण्डकीसँग लुम्बिनी पाँच विकेटले पराजित भयो । टस जितेर गण्डकी विरुद्ध पहिला ब्याटिङ गरेको लुम्बिनीले १८.३ ओभरमा अलआउट हुनुअघि १३ अतिरिक्त रनसहित जम्मा ६३ रन बनाउन सफल भयो ।

लुम्बिनीका लागि अञ्जली पाठकले १३ र योजना थापाले १२ रनबाहेक अरु कुनै ब्याटरले दोहोरो आँकडा छुन सकेनन् । लुम्बिनीलाई सस्तैमा समेट्ने क्रममा गण्डकीका कुशुम गोदार र प्लेयर अफ द म्याच बनेकी रचना चौधरीले आठ-आठ रन खर्चिएर समान तीन-तीन विकेट लिए भने रञ्जना साउदको नाममा दुई विकेट हात पर्यो ।

लुम्बिनीबाट पाएको ६३ रनको झिनो लक्ष्य गण्डकीले १२ दशमलव चार बलमा पाँच विकेट गुमाउँदै पूरा गऱ्यो। पहिलो खेलमा बागमतीलाई सात विकेटले हराउँदै दुई अङ्क जोडेको गण्डकीका लागि अङ्क तालिकामा दोहोरो अङ्क दिलाउने क्रममा ज्योत्सिनीका मरासिनी र दीपिका सापकोटाले समान १६/१६ रन बनाएर लगातार दोस्रो जित दिलाए। लुम्बिनीका लागि आशना चौधरी र आयुषा भुसालले समान दुई-दुई र विमिता मगरले एक विकेट हात पारेका थिए ।

# चित्रकलामा मध्यपुरका सम्पदा

काठमाडौं । मध्यपुरथिमिको संस्कृति र सम्पदाको संरक्षणका लागि शनिबारदेखि यहाँ ‘चित्रकलामा मध्यपुरका सम्पदाहरू’ कार्यक्रम सुरु भएको छ । मध्यपुरथिमि नगरपालिका-८ बोडेको आयोजना तथा एमेजिङ आर्ट एण्ड ट्रेनिङ सेन्टरको संयोजनमा उक्त कार्यक्रम सुरु भएको हो। शनिबारीय स्थलगत चित्रकला कार्यशाला अभियानको सहकार्यमा आज यहाँ एक समारोहबीच कार्यक्रमको सुरुआत गरिएको छ ।

यहाँका सम्पदालाई २५ जना कलाकारले चित्रमा उतार्दै छन्। वडाध्यक्ष रमेश थापा श्रेष्ठले यस्ता चित्रले पछिल्लो पुस्तालाई ज्ञान हस्तान्तरण गरी हराएका सम्पदा पुनःनिर्माणका लागि सहयोग पुग्ने बताउनुभयो। उहाँले भन्नुभयो, “ यहाँका भौतिक र अभौतिक सम्पदा, एक/दुई सय वर्षअघि बनाएको यो वस्ती निकै सुन्दर र व्यवस्थित छन्। ठाउँ ठाउँमा पाटी, मन्दिर छन् । खुला स्थान बनाइएको छ । आर्किटेक्टका रूपमा हेर्दा राम्रो छ। यति सुन्दर क्षेत्रलाई पर्यटकीय रूपमा अघि बढाउनुपर्छ भनेर लागेका छौं।” वडाध्यक्ष श्रेष्ठले चित्रलाई बुकलेटका रूपमा प्रचारप्रसार गर्न उपयोग गरिने र सङ्ग्रहालयमा राख्ने सोच रहेको बताउनुभयो ।

कार्यक्रमका संयोजक जुजुभाई बाँस श्रेष्ठले चित्रमार्फत मध्यपुर थिमिका संस्कृति र सम्पदाको संरक्षण गर्ने उद्देश्य रहेको बताउनुभयो। उहाँले एक सय वर्षपछि चित्र हेरेर पुरानो सम्पदा यस्तो रहेछ भन्ने थाहा पाइने र सोहीअनुसार सम्पदा निर्माण गर्न यसको महत्त्व रहेको बताउनुभयो। उक्त कार्यक्रममा २५ जना कलाकार सहभागी भएको जानकारी दिनुभयो । उहाँका अनुसार बोडेका सात, नगदेशका एक र थिमिका १२ गरी २० सम्पदा क्षेत्र र पाँच वटा अभौतिक सम्पदा नाच तथा जात्राबारे चित्र सिर्जना हुनेछन् ।

# हुरीले फेवा तालमा फसेका १२ पर्यटकको उद्धार

कास्की । पोखरा-६ बैदामस्थित फेवा तालमा ‘बोटिङ’ गर्ने क्रममा हुरीका कारण समस्यामा परेका १२ पर्यटकको उद्धार गरिएको छ । शनिबार दिउँसो ४:३० बजे फेवा तालमा अचानक हुरीका आएपछि तालमा फसेका स्वदेशी तथा विदेशी पर्यटकको सशस्त्र प्रहरी बल नेपाल नं २४ गण हेडक्वाटरको टोलीले उद्धार गरेको हो ।

उद्धार गरिएकाहरूमा तनहुँको दमौलीका २३ वर्षीय सुदीप बस्नेत, काठमाडौँका २४ वर्षीय सरोज सिम्खडा,१७ वर्षीय आयुष चौलागाई, २१ वर्षीय सागर क्षेत्री, १९ वर्षीया विनिता श्रेष्ठ, २६ वर्षीय रुसाल चौधरी रहेका छन् । साथै कास्कीको पोखरा महानगरपालिका-५ पर्स्याङका २३ वर्षीया झरना गुरुङ, १२ वर्षीय क्रिस श्रेष्ठ, १६ वर्षीया सुदीक्षा पौडेल, १६ वर्षीय अङ्कल ढकाल, १५ वर्षीय प्रितम नेपाली र जापानबाट घुम्न आएउनु भएकी ४८ वर्षीया एक महिलासहित १२ जनाको उद्धार गरिएको थियो। उद्धार गरिएका सबैको अवस्था सामान्य रहेको सशस्त्र प्रहरी बल नेपाल, नं २४ गण हेडक्वाटर मालेपाटनका प्रहरी उपरीक्षक वसन्तबहादुर सिंहले जानकारी दिनुभयो। उहाँका अनुसार ती व्यक्तिहरू तालको बीचमा सर्फेस बोट र प्याडल बोटमा हुरीका कारण समस्यामा परेका थिए ।

# अतिक्रमित संरचना शीघ्र हटाउन सर्वपक्षीय सहमति

दैलेख । दैलेख जिल्ला भर तीव्र रूपमा भइरहेको वन क्षेत्र र सार्वजनिक जग्गाको दोहन रोक्न तथा अतिक्रमित संरचना शीघ्र हटाउने विषयमा सहमति जुटेको छ ।

वन नियमावली २०७९ बमोजिम गठित वन अतिक्रमण समितिका संयोजक एवं प्रमुख जिल्ला अधिकारी आनन्द सारुको अध्यक्षतामा आज डिभिजन वन कार्यालयमा बसेको सर्वपक्षीय बैठकले यस्तो सहमति जुटाएको हो । बैठकमा जिल्ला अदालत दैलेखका न्यायाधीश कुलप्रसाद पाण्डे, स्थानीय तहका प्रमुख र सुरक्षा निकायका प्रमुखहरूको सहभागिता रहेको थियो ।

बैठकमा डिभिजन वन कार्यालयका प्रमुख अमर शाहले डिजिटल स्लाइडमार्फत जिल्लाभर कूल ४२०.२९ हेक्टर वन क्षेत्र तीव्र अतिक्रमणको चपेटामा परेको भयावह तथ्याङ्क प्रस्तुत गर्दै कानुनी प्रावधानबारे सरोकारवालाहरूलाई जानकारी गराउनुभयो । बैठकमा सहभागी पालिकाका प्रमुखहरूले वन संरक्षणको सरकारी कदमलाई पूर्ण समर्थन गर्दै मानवीय पक्ष र सुकुमबासी व्यवस्थापनलाई सँगै लैजानुपर्ने जोड दिनुभयो । छलफलमा नारायण नगरपालिकाका नगरप्रमुख लोमन शर्माले नागरिकलाई विस्थापित गर्नुअघि वैकल्पिक व्यवस्थापन गरिनुपर्ने धारणा राख्नुभयो । चामुण्डा विन्द्रासैनी नगरपालिकाका प्रमुख गणेशबहादुर शाहीले राज्यले विगतमा सुकुमवासी र अव्यवस्थित बसोबासीका रूपमा निस्सा वितरण गरेकाले सोही आधारमा व्यावहारिक समाधान खोज्नुपर्ने बताउनुभयो। भगवती माई गाउँपालिकाका अध्यक्ष गणेशबहादुर थापाले लालपुर्जा पाउने आशामा रहेका वास्तविक भूमिहीनहरूलाई मर्का नपर्ने गरी काम गर्नुपर्ने बताउनुभयो।

# बिम्स्टेक क्षेत्रीय सहयोगको एक गतिशील मञ्च हो : प्रधानमन्त्री

*प्रत्यूष समाचारदाता*

काठमाडौं । प्रधानमन्त्री वालेन्द्र शाहले 'बहुक्षेत्रीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बङ्गालको खाडीको प्रयास' (बिम्स्टेक) लाई क्षेत्रीय सहयोगका लागि एक गतिशील मञ्चका रूपमा उल्लेख गर्दै यसले क्षेत्रको विविधता, जीवन्तता र साझा सम्भावनालाई प्रतिबिम्बित गर्ने बताउनुभएको छ ।

बिम्स्टेकको २९औँ वार्षिकोत्सवका अवसरमा आज जारी सन्देशमा उहाँले यातायात, व्यापार तथा डिजिटल सञ्जालमा सम्पर्क सुदृढ गरी अर्थतन्त्रको अझ गहिरो एकीकरणलाई प्रवर्द्धन गर्नुपर्ने आवश्यकतामा जोड दिनुभएको छ ।

बिम्स्टेकको दीर्घकालीन शक्ति यसको जनतामा निहित रहेको उल्लेख गर्दै प्रधानमन्त्री शाहले पर्यटन प्रवर्द्धन, युवा तथा उद्यमीहरूका लागि अवसर सिर्जना तथा जलवायु परिवर्तन र प्राकृतिक विपद्बाट उत्पन्न जोखिमप्रति प्रतिरोध क्षमता अभिवृद्धिका लागि थप प्रयास गर्न आह्वान गर्नुभएको छ ।

उहाँले एकआपसमा जोडिएको, उत्थानशील तथा समृद्ध बिम्स्टेक क्षेत्र निर्माणका लागि सदस्य राष्ट्रहरूसँग नजिकबाट सहकार्य गर्न नेपाल सदैव प्रतिबद्ध रहेको उहाँका तर्फबाट परराष्ट्र मन्त्रालयले जारी गरेको सन्देशमा उल्लेख छ ।

छुट्टै सन्देशमा परराष्ट्रमन्त्री शिशिर खनालले सन् १९९७ मा स्थापना भएदेखि बिम्स्टेकले हासिल गरेको निरन्तर प्रगतिप्रति प्रशंसा व्यक्त गर्दै क्षेत्रीय सहयोग सुदृढीकरणमा बिम्स्टेक वडापत्र (चार्टर) को महत्वलाई उजागर गर्नुभएको छ । उहाँले हासिल भएका उपलब्धिहरूलाई सुदृढ गर्न, साझेदारीलाई अझ मजबुत बनाउन तथा कार्यान्वयनको प्रभावकारिता अभिवृद्धि गर्नुपर्ने आवश्यकतामा जोड दिनुभएको छ। बिम्स्टेकप्रतिको प्रतिबद्धता पुनः व्यक्त गर्दै परराष्ट्रमन्त्री खनालले जनस्तरको सम्पर्क क्षेत्रको नेतृत्वकर्ता राष्ट्रका रूपमा नेपाल पर्यटन प्रवर्द्धन, सांस्कृतिक आदानप्रदान तथा क्षेत्रभरिका जनताबीच अझ गहिरो जनस्तरीय सम्बन्ध विस्तार गर्न तत्पर रहेको जानकारी गराउनुभएको छ ।

बिम्स्टेकको २९औं वार्षिकोत्सवका अवसरमा प्रधानमन्त्री शाह र परराष्ट्रमन्त्री खनालले बिम्स्टेकका सबै सदस्य राष्ट्रका सरकार तथा जनतालाई सन्देशमार्फत बधाई तथा शुभकामना व्यक्त गर्नुभएको छ ।

बिम्स्टेक एक क्षेत्रीय सङ्गठन हो । यसको स्थापना ६ जुन १९९७ मा बैंकक घोषणापत्रमा हस्ताक्षर भएसँगै भएको थियो । प्रारम्भमा बिस्ट-इक (BIST–EC) (बङ्गलादेश-भारत-श्रीलङ्का-थाइल्यान्ड आर्थिक सहयोग) का रूपमा परिचित यस सङ्गठनमा २२ डिसेम्बर १९९७ मा म्यानमारको तथा फेब्रुअरी २००४ मा भुटान र नेपालको सदस्यता प्राप्त भएको थियो । त्यसपछि हाल यो बिम्स्टेकका रूपमा परिचित छ । यसमा सात सदस्य राष्ट्रहरू रहेका छन् ।

# रसुवामा लाङटाङ ट्रेल रन प्रतियोगिता

रसुवा । हिमाली क्षेत्रको पर्यटन प्रवर्द्धन तथा लाङटाङ क्षेत्रको अन्तरराष्ट्रिय पहिचान विस्तार गर्ने उद्देश्यले रसुवामा 'लाङटाङ ट्रेल रन' प्रतियोगिता सुरु गरिएको छ ।

रसुवा-नुवाकोट पर्यटन समाजको आयोजनामा भएको प्रतियोगिताको शनिबार लाङटाङको क्याङ्जेनमा उद्घाटन गर्दै बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले लाङ्टाङ क्षेत्रको पर्यटन विकासका लागि पदमार्ग तथा पूर्वाधार सुधार आवश्यक रहेको बताउनुभयो। उहाँले हिमाल र हिमाली वातावरण संरक्षण, जलवायु परिवर्तनका चुनौतीबीच हिउँ र हिमाली सम्पदाको संरक्षणमा सबै पक्ष जिम्मेवार बन्नुपर्ने धारणा राख्नुभयो ।

मुख्यमन्त्री बानियाँले स्थानीय हावापानी अनुकूल कृषि उत्पादन वृद्धि गरी पर्यटकलाई स्वस्थ तथा सन्तुलित भोजन उपलब्ध गराउन सके पर्यटन क्षेत्र थप आकर्षक बन्ने बताउनुभयो ।

समुद्र सतहबाट करिब तीन हजार ८७० मिटर उचाइमा रहेको क्याङ्जेनमा आयोजित प्रतियोगितामा सहभागी खेलाडीले क्याङ्जेनदेखि स्याफ्रुबेँसीसम्मको ३२ किलोमिटर दूरी पार गर्नुपर्नेछ। प्रतियोगितामा दुई विदेशी महिलासहित एक सय तीन खेलाडी सहभागी भएको आयोजकले जनाएको छ ।

बागमती प्रदेशका संस्कृति तथा पर्यटन मन्त्री सुरेश श्रेष्ठ, आर्थिक मामिला तथा योजनामन्त्री प्रभात तामाङ तथा पर्यटन सचिव दीपेन्द्र सुवेदीलगायतको सहभागिता रहेको थियो ।

पर्यटनमन्त्री श्रेष्ठले लाङटाङ क्षेत्रको प्राकृतिक सौन्दर्य, हिमाली संस्कृति र जैविक विविधतालाई विश्वसामु चिनाउन सबै सरोकारवालाबीच सहकार्य आवश्यक रहेको बताउनुभयो । उहाँले लाङटाङ पदमार्गलाई नेपालको प्रमुख पर्यटन गन्तव्यका रूपमा विकास गर्ने लक्ष्यसहित वातावरण संरक्षण, सरसफाइ र गुणस्तरीय सेवा प्रवाहमा जोड दिनुभयो ।

आर्थिक मामिलामन्त्री तामाङले स्थानीय समुदाय, पर्यटन व्यवसायी र सरोकार भएका निकायबीच सद्भाव र सहकार्यले मात्र हिमाली पर्यटनको दिगो विकास सम्भव हुने बताउनुभयो । उहाँले लाङ्टाङ भ्रमणमा आउने पर्यटकलाई आत्मीयतापूर्वक सेवा प्रदान गरी नेपालको सकारात्मक छवि निर्माण गर्न आग्रह गर्नुभयो । खेल, पर्यटन र वातावरण संरक्षणलाई एकै सूत्रमा जोड्ने उद्देश्यले आयोजना गरिएको ट्रेल रनले हिमाली क्षेत्रको प्रचारप्रसारमा महत्त्वपूर्ण योगदान पुऱ्याउने विश्वास गरिएको ट्रेकिङ एसोसियसन अफ नेपाल (टान) का पूर्वअध्यक्ष दीपक महतले बताउनुभयो ।

# भुइँमा न भाँडोमा हुने छुट रास्वपाका कुनै कार्यकर्तालाई छैन : परियार

काठमाडौं। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सचेतक प्रकाशचन्द्र परियारले रास्वपा नेपाली जनताको सेवा गरी देशको मुहार फेर्ने उद्देश्यका साथ राजनीतिमा आएकाले यसका नेता, कार्यकर्ता या कसैलाई पनि भुइँमा न भाँडोमा हुने छुट नरहेको बताउनुभएको छ ।

शनिबार सुनसरीको लौकहीमा रास्वपाको सुनसरी जिल्ला अधिवेशनलाई सम्बोधन गर्दै उहाँले रास्वपा नेपाली जनताको वास्तविक सेवक हो र यसले नै यो देशको भाग्य र भविष्य निर्माण गर्दछ भन्ने सोच र व्यवहारका साथ जनताको भरोसायुक्त पार्टीका रूपमा लाग्न सबै कार्यकर्तालाई आग्रह गर्नुभएको उहाँको सचिवालयले जनाएको छ ।

केही दिनअघि सङ्घीय संसद्मा नेपाली कम्युनिष्ट पार्टीका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड' को सम्बोधन लाई स्मरण गर्दै सचेतक परियारले भन्नुभयो, "जसरी संविधानसभाको पहिलो निर्वाचनमा तत्कालीन माओवादी पार्टीले झण्डै दुई तिहाई बहुमत प्राप्त गर्दा जनताको सेवा गर्नुको सट्टा भुइँमा न भाँडोमा भएर यो हालतमा आयौँ भन्नुभएको थियो, त्यस्तो काम गर्ने छुट हामलाई छैन र रास्वपाको कुनै कार्यकर्ताले त्यो सोच कदापि राख्नुहुँदैन ।" देशका वास्तविक समस्या र आव-श्यकतालाई शिरमा राखेर केही गर्नुपर्छ र गर्छौं भन्ने भावनाका साथ जनताका बीचमा होमिन उहाँले रास्वपाका सबै कार्यकर्तालाई आग्रह गर्नुभयो। राष्ट्रिय स्वतन्त्र पार्टीको शिरभन्दा पनि माथि नेपाली जनता रहेको सचेतक परियारको भनाइ थियो ।

उहाँले भन्नुभयो, "रास्वपालाई ठूलो सङ्ख्या अर्थात् भीडको भन्दा पनि जनसेवा र देश विकास गर्ने असल कार्यकर्ताको खाँचो रहेको प्रसङ्ग उल्लेख गर्दै उहाँले भन्नुभयो, "कार्यकर्ताको भीडले मात्र हुने भए १० लाख क्रियाशील सदस्य रहेको कांग्रेस, आठ लाख सङ्गठित सदस्य रहेको एमाले तथा 'की मृत्यु की मुक्ति' को नारा दिएर महिलाका काँधमा बन्दुक राखेर अघि बढेको माओवादीको हालत अहिले यस्तो हुने थिएन ।"

सचेतक परियारले सुनसरी मुस्लिम, खसआर्य, जनजाति, सीमान्तकृत समुदायको सङ्गमसहितको सामाजिक समावेशिताको अनुमप उदाहरण पाइने जिल्ला हो भन्दै आगामी स्थानीय निर्वाचनमा रास्वपाले यो अनुपम उदाहरणको सम्मान गर्दै स्थानीय सरकारको नेतृत्व गर्नेगरी अघि बढ्ने बताउनुभयो । उहाँले भन्नुभयो, "यस जिल्ला र अन्य स्थानीय तहमा आगामी निर्वाचनमा रास्वपाले नेतृत्व गर्नेछ र अहिले सङ्घ सरकारमा जसरी राम्रो काम गरेर जनताको मन जितिरहेको छ, देशका हरेक स्थानीय तहमा त्यस्तै काम गरेर जनताको घरदैलोको सरकारको भरोसा प्रदान गर्नेछ ।"

# देश नयाँ राजनीतिक संस्कारतर्फ अघि बढ्दैछ : सञ्चारमन्त्री डा तिमिल्सिना



धादिङ। सूचना तथा सञ्चारमन्त्री डा विक्रम तिमिल्सिनाले देश नयाँ राजनीतिक संस्कारतर्फ अघि बढिरहेको बताउँनुहुँदै पुराना गलत राजनीतिक शैली दोहोर्याउने छुट सत्तारूढ दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) लाई नरहेको बताउनुभएको छ ।

रास्वपा धादिङको प्रथम जिल्ला अधिवेशन उद्घाटन समारोहलाई शनिबार सम्बोधन गर्दै उहाँले राजनीति कस्तो हुनुपर्छ भन्ने विषयमा नयाँ बहस (डिस्कोर्स) सुरु भएको उल्लेख गर्दै जनताले विगतमा गलत भनेर आलोचना गरेका अभ्यासलाई निरन्तरता दिन नहुने बताउनुभयो ।

"देशमा नयाँ राजनीतिक संस्कार सुरुआत भएको छ। हिजो जुन राजनीतिक शैलीलाई गलत भनेर प्रश्न गर्यौं, त्यही शैलीमा राजनीति गर्ने छुट हामीलाई छैन," उहाँले भन्नुभयो, "राजनीति बारेको बुझाइ र संस्कार दुवै बदल्न जरुरी छ । जुन दलहरूको काम गर्ने शैलीको हामीले विरोध गरेका थियौँ, त्यही शैलीलाई हामीले अपनाउनु हुँदैन ।"

सञ्चारमन्त्री तिमिल्सिनाले रास्वपाका हरेक सदस्यले आफूलाई नयाँ राजनीतिक संस्कारको संवाहकका रूपमा स्थापित गर्नुपर्नेमा जोड दिनुभयो । पार्टी कुनै व्यक्ति वा समूहको स्वार्थ पूरा गर्ने, बिचौलियातन्त्रलाई संरक्षण गर्ने वा सीमित व्यक्तिको हितका लागि सञ्चालन हुने संस्था बन्न नहुने उहाँको भनाइ थियो ।

उहाँले प्रधानमन्त्री वालेन्द्र शाह र रास्वपा सभापति रवि लामिछानेले अघि सारेको सुशासन, पारदर्शिता र उत्तर-दायित्वको दृष्टिकोणअनुसार सबैले देशका लागि योगदान दिनुपर्ने बताउनुभयो। "कुनै व्यक्ति जिल्ला सभापति वा अरु कुनै पदमा हुनु मात्र ठूलो कुरा होइन, दल र देशका लागि कसले कति योगदान गर्न सक्छ भन्ने कुरा महत्त्वपूर्ण हो," उहाँले भन्नुभयो ।

मन्त्री तिमिल्सिनाले वडा, पालिका, जिल्ला र प्रदेश तहका कार्यकर्ताको सक्रिय योगदानबाट मात्रै पार्टी बलियो बन्न सक्ने उल्लेख गर्दै आन्तरिक लोकतन्त्र, सहमति र सङ्गठनात्मक अनुशासनलाई प्राथमिकता दिन आग्रह गर्नुभयो । सकेसम्म सहमति र सहकार्यको माध्यमबाट चुस्त, दुरुस्त र प्रभावकारी सङ्गठन निर्माण गर्नुपर्ने उहाँको भनाइ थियो ।

राजनीति व्यक्तिगत स्वार्थपूर्ति गर्ने वा कसैलाई पदमा पुऱ्याउने माध्यम नभई देशलाई सही दिशा दिने साधन हुनुपर्ने धारणा व्यक्त गर्दै उहाँले वडातहदेखि नै राजनीतिक संस्कार परिवर्तन गर्न आवश्यक रहेको बताउनुभयो । त्यस्तै, नागरिक सेवा प्रवाहलाई भ्रष्टाचारमुक्त, पारदर्शी र उत्तरदायी बनाउने दिशामा सरकार केन्द्रित रहेको उहाँले उल्लेख गर्नुभयो ।

फरक प्रसङ्गमा सञ्चारमन्त्री तिमिल्सिनाले धादिङसहित विभिन्न जिल्लाका दुर्गम क्षेत्रबाट मोबाइल तथा इन्टरनेट नेटवर्क सेवासम्बन्धी गुनासा धेरै आउने गरेको बताउनुभयो । दूरसञ्चार सेवाको पहुँच र गुणस्तर सुधार सरकारको प्राथमिकतामा रहेको उल्लेख गर्दै उहाँले आगामी एक वर्षभित्र नेटवर्क सेवामा उल्लेखनीय सुधार गर्ने लक्ष्यका साथ काम भइरहेको जानकारी दिनुभयो ।

"देशका विभिन्न स्थानमा नेटवर्क समस्या रहेको विषयमा धेरै गुनासा आएका छन्। मोबाइल नेटवर्क सुधारका लागि एक वर्षभित्र महत्त्वपूर्ण उपलब्धि हासिल गर्ने गरी काम अघि बढाइएको छ। सेवा विस्तार र गुणस्तर अभिवृद्धिका लागि थप के गर्न सकिन्छ भन्ने विषयमा मन्त्रालयले निरन्तर काम गरिरहेको छ," उहाँले भन्नुभयो ।

# तीन हजार ७३५ जना विद्यार्थीको नाम भर्नाका लागि सिफारिस

काठमाडौं ।: काठमाडौं महानगरपालिकाले शैक्षिक २०८३/८४ का लागि कक्षा ११ र १२ को छात्रवृत्ति कोटामा पहिलो मनोनयन सूची (म्याचिङ लिष्ट) बाट तीन हजार ७३५ जना विद्यार्थीको नाम भर्नाका लागि सिफारिस गरेको छ ।

कक्षा ११ र १२ मा अध्ययन गर्न चाहने छात्रवृत्ति छनोट परीक्षाबाट योग्यताक्रमको अन्तिम सूचीमा परेका नामबाट भर्नाका लागि सिफारिस गरिएको परीक्षा समितिका संयोजक नमराज ढकालले जानकारी दिनुभयो ।

यसअघि प्रकाशित अन्तिम योग्यताक्रम, विद्यार्थीले आवेदन दिँदा रोजेको विषय र शिक्षण संस्थाको प्राथमिकता क्रमका आधारमा साधारण एवं आरक्षण र समूहगत रूपमा तोकिएको सङ्ख्याका आधारमा नाम सिफारिस गरिएको उहाँले बताउनुभयो । शुक्रबार बसेको परीक्षा समितिको निर्णयअनुसार मनोनयन सूची प्रकाशन गरिएको छ । मनोनयनमा परेका परीक्षार्थीहरूले महानगरको छात्रवृत्ति सम्बन्धी पोर्टलमा छात्रवृत्ति परीक्षाको रोल नम्बर, जन्म मिति र पासवर्ड (मोबाइल वा इमेलमा प्राप्त) प्रयोग गरेर मनोनयन पत्र प्रिन्ट गर्ने व्यवस्था मिलाइएको छ । मनोनय पत्र लिएर जेठ २७ गतेभित्र तोकिएको शिक्षण संस्थामा अनिवार्य रूपमा भर्ना भइसक्नु पर्ने परीक्षा समितिका संयोजक ढकालले जानकारी दिनुभयो। प्रकाशित सूचीअनुसार शिक्षामा छ जना, मानविकीमा १२, कानुनमा ५०, व्यवस्थापन मा एक हजार ४०१ र विज्ञानमा दुई हजार २६६ जनाको नाम सिफारिस गरिएको छ । यसमा 'ल्याण्डफिल साइट' प्रभावित क्षेत्रबाट २८ जना, महानगरभित्रका स्थायीवासीबाट चार सय ९२ जना, सामुदायिक विद्यालयबाट एसइई उत्तीर्ण गर्नेबाट एक हजार ५४५ जना, संस्थागत विद्यालयबाट उत्तीर्ण गर्नेबाट चार सय ८१, अपाङ्गता भएका व्यक्ति तथा अभिभावकमा अपाङ्गता भएका परिवारबाट १३, आदिवासी जनजातिबाट एक सय ७३, खस आर्यबाट एक सय ९७, छात्रा कोटाबाट चार सय ४०, थारुबाट ३९, दलितबाट ९६, पिछडिएको क्षेत्रबाट ४६, मधेशीबाट एक सय ४९, मुस्लिमबाट २२ र सहिद, बेपत्ता पारिएका, जेनजी आन्दोलन, द्वन्द्वपीडित परिवारबाट १४ जना विद्यार्थी छन् ।

# काठमाडौँ-कलिङ्गा साहित्य महोत्सव सुरु

ललितपुर । चौथो संस्करणको काठमाडौँ-कलिङ्गा साहित्य महोत्सव शनिबारदेखि ललितपुरमा सुरु भएको छ । 'सीमाभन्दा पर, परिवर्तनशील विश्वमा दक्षिण एसियाली साहित्य' भन्ने नाराका साथ सुरु भएको महोत्सवमा दक्षिण एसियाली मुलुकका लेखक, कलाकार, फिल्मकर्मी, सङ्गीतकार, कूटनीतिज्ञ र बुद्धिजीवीको सहभागिता रहेको छ । महोत्सवको उद्घाटन गर्दै पूर्वप्रधानमन्त्री सुशीला कार्कीले आफू केवल पूर्व प्रधानन्यायाधीश वा पूर्वप्रधानमन्त्री मात्र नभई एक साहित्य अनुरागीसमेत भएको बताउनुभयो ।

पूर्वप्रधानमन्त्री कार्कीले आफ्नो साहित्यिक यात्राको स्मरण गर्दै सन् १९९० को जनआन्दोलनका क्रममा दुई महिनाको जेल जीवनमा त्यहाँका महिला बन्दीको पिडा र भोगाइलाई नजिकबाट नियालेपछि आफूले 'कारा' नामक उपन्यास लेखेको बताउनुभयो। उहाँले आफूसँग अझै धेरै कथा र उपन्यासका अवधारणा र आधा लेखिएका पाण्डुलिपीहरू रहेको जानकारी दिँदै ती कृतिहरू समय मिलाएर प्रकाशनमा ल्याउने आफ्नो योजना रहेको बताउनुभयो ।

यशश्वी पुस्तक प्रतिष्ठानकी अध्यक्ष तथा महोत्सव निर्देशक रञ्जना निरौलाले साहित्य केवल शब्द र पुस्तकमा सीमित नरहेको बताउँदै यसले विचार, संस्कृति, स्मृति, संवेदना र मानवीय सम्भावनाको साझा उत्सव मनाउने अवसर प्रदान गर्ने धारणा राख्नुभयो ।

प्रत्युष नेटवर्क प्रा.लि द्धारा प्रकाशित तथा मुद्रित
कार्यालय:नीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : सुजन रेग्मी, Email : pratyushdainik@gmail.com